# अप्रेसनमा आधा खुट्टा काटिएका साउदद्वारा सहयोगको याचना



सीपी लोहिया/राजधानी
काठमाडौं, २४ फागुन

१२ पटकसम्म खुट्टाको अप्रेसन गराएका बैतडीको सिगास गाउँपालिका-३ कुराडीका ४१ वर्षीय रघुवीर साउद उपचारका लागि आर्थिक सहयोगको याचना गर्दै काठमाडौं आपुगेका छन्।

अत्यन्तै गरिब परिवारका साउद मजदुरी गर्दै जीविकोपार्जन गर्ने व्यक्ति हुन्। तर, दुई वर्षयता उनले न मजदुरी गर्न सकेका छन् न त खेतीपाती नै।

सानैमा बुबा गुमाएका रघुवीरको २ वर्षअघि भूकम्पले घर भत्काउँदा खुट्टामा गम्भीर चोट लागेको थियो।

घाउ बल्भिँदै गएपछि उनी उपचारका लागि बैतडी, डडेलधुरा, धनगढी हुँदै भारतको बरेलीसम्मका अस्पताल पुगे। ७ पटक अप्रेसन गरी खुट्टाका सबै औंला काटे। तर, घाउ निको हुन सकेन।

गत साउनमा सहयोग माग्दै काठमाडौं आइपुगेका उनको सहयोगी दाताहरूको पहलमा प्रतिनिधिसभा सांसद सुनील शर्माको काठमाडौं मेडिकल कलेज (केएमसी)मा निःशुल्क उपचार गरियो। केएमसीमा २ महिना बसेका रघुवीरको खुट्टाको ५ पटक अप्रेसन गरियो। घुँडाभन्दा तलको खुट्टा काटिएकाले उनी बैसाखी टेकेर हिँड्छन्। जीर्ण अवस्थाको घरमा वृद्ध आमा, श्रीमती र ४ जना बच्चा छाडेर काठमाडौं आएका उनले मनकारी व्यक्तिसँग आर्थिक सहयोगको याचना गरिरहेका छन्।

आर्थिक उपार्जनको बाटो केही पनि नभएका रघुवीर सहयोग माग्दै गाडी भाडाको जोहो गरेर काठमाडौं आइपुगेका हुन्।

काठमाडौंमा उनका कोही पनि आफन्त छैनन्। उनी बसपार्कको होटलमा बसेका छन्। होटलको पैसा तिर्न पनि उनलाई समस्या भइरहेको छ।

साउदलाई काठमाडौं बालाजुनिवासी अनिलकुमार महर्जनले १० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन्। महर्जनले आजसम्म पीडामा परेका १ सयभन्दा बढी व्यक्तिलाई आर्थिक सहयोग गरिसकेका छन्।

उनले गत वर्ष बैतडी डिलासैनीका आगोले जलेका बालकको उपचारमा ३० हजार रुपैयाँ सहयोग गरेका थिए। महर्जन भन्छन्, 'देशभरिकै आमाबुबा तथा बालबालिका जो पनि आफ्नैजस्तो लाग्छन्, मेरो घरमा यस्तो समस्या आए के होला भन्ने सोच्छु, म कसैको दुःख पीडा हेर्न सक्दिन। त्यसैले आफूले सक्ने सहयोग गर्दै आएको छु।'

सरकारले पूर्ण रूपमा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिदिए कैयौं पीडित व्यक्तिको घाउमा मलम लाग्ने उनले बताए।

मजदुरी गरेर गर्जो टार्दै आएका रघुवीर उपचारका लागि काठमाडौं आइपुगे पनि बूढी आमा, श्रीमती र ४ छोराछोरीलाई दैनिक छाक टार्न मुस्किल परेको छ। रघुवीरलाई उपचारका क्रममा ५ लाखभन्दा बढी रकम ऋण लागिसकेको छ। ऋण तिर्न सक्ने सम्भावना नै छैन तर स्वास्थ्य अवस्था सुधार भएमा सकेको काम गरेर परिवार पालौंला भन्ने सोचिरहेका छन्।

सहयोगका लागि सामाजिक सञ्जालमा अभियान चलाए पनि खासै रकम नउठेको उनी बताउँछन्।

# एउटै जिल्लाका तीन नगरपालिका महिलाको काँधमा



• अनिता चौधारी • इसरत परविन • गीता चौधारी

राजधानी संवाददाता
राजविराज, २४ फागुन

सप्तरीको तीन पालिका महिलाले हाँक्दै आएका छन्। एउटा पालिकाको प्रमुखमा महिला नै विजयी भएर नगरपालिकाको नेतृत्व वहन गरिरहँदा अन्य दुई नगरपालिका पनि महिला उपप्रमुखको नेतृत्वमा गएको हो। ती महिला उपप्रमुखलाई कार्यवाहकको हैसियतमा पालिकाको नेतृत्व गर्ने अवसर मिलेको हो।

राजविराज नगरपालिकामा इसरत परविन र शम्भुनाथ नगरपालिकामा अनिताकुमारी चौधरी उप-प्रमुखमा निर्वाचित भएकामा ती दुवै नगरपालिकाका प्रमुख अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेसँगै निलम्बनमा परेपछि उनीहरूलाई कार्यवाहक भएर नगरपालिका चलाउने अवसर मिलेको हो।

राजविराज नगरपालिकाका प्रमुख भीमराज यादव तथा शम्भुनाथ नगरपालिकाका प्रमुख जितेन्द्रप्रसाद गुप्ता अख्तियारको कारबाहीमा परेपछि ती दुवै पालिकाका उप-प्रमुखलाई कार्यवाहक प्रमुख भएर पालिकाको नेतृत्व गर्ने अवसर जुरेको हो।

सुरुंगा नगरपालिकामा भने गीता चौधरी प्रमुख पदमै निर्वाचित भएकी थिइन्। इसरत परविन जसपा नेपाल, अनिता चौधरी नेकपा एकीकृत समाजवादी र गीता चौधरी नेपाली कांग्रेसबाट उम्मेदवार भई चुनाव जितेकी हुन्।

यसरी नगर हाँक्ने नेतृत्वको अवसर पाएकी तीनवटै नगरप्रमुखले घर व्यवहारसँगै नगर विकास निर्माण कार्यमा खरो उत्रने गरी काम गरिरहेको बताएका छन्।

राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविन भन्छिन्, 'नगरपालिकाको अवस्था दयनीय रहँदा र विकास निर्माणको कामले गति लिन नसकेका बेला कार्यवाहकको कार्यभार सम्हाल्नुपरेको अवस्था छ। तैपनि हरेस नखाई जनताको मन जित्ने गरी काम गरिरहेका छौं। विगतको तुलनामा सुधार ल्याउने काम गरिरहेका छौं।'

उनले भ्रामक हल्ला फिँजाएर मनोबल घटाउने प्रयास भए पनि सुशासन र पारदर्शिता वृद्धिका लागि थालेको प्रयासमा कुनै कमी आउन नदिने प्रतिबद्धता व्यक्त गरिन्।

वर्षौंदेखि अतिक्रमणको चपेटामा रहको नगर क्षेत्रका अधिकांश अतिक्रमित जग्गा खाली गराउन सफल भएको भन्दै उनले यसले निकै आत्मसन्तुष्टि मिलेकोसमेत सुनाइन्।

सुरुंगा नगरपालिकाकी प्रमुख गीता चौधरीले पालिकाको विकासमा आफूलाई सबै जनप्रतिनिधिको साथ र सहयोग रहेकाले काम गर्न सहज भएको प्रतिक्रिया दिइन्।

उनले विकास निर्माणसँगै महिला सशक्तीकरणका लागि समेत आफूले विभिन्न योजना कार्यान्वयनमा ल्याएको जानकारी दिइन्।

मधेश प्रदेशमै सुरुंगा नगरपालिकालाई पहिलो बालविवाहमुक्त पालिका घोषणा गर्न सफल भएको भन्दै उनले यसले आफूलाई थप हौसला मिलेको बताइन्।

शम्भुनाथ नगरपालिकाको कार्यवाहक नगरप्रमुख अनिता चौधरीले आफूले कुशलतापुर्वक जिम्मेवारी निर्वाह गरिरहेको बताइन्।

सप्तरीको १८ पालिकामध्ये गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले सर्वाधिक पाँच पालिकामा प्रमुख पदमा जित हासिल गरेको थियो। यस्तै, जसपा, लोसपा र नेकपा एमालेले तीन-तीन, जनमतले दुई तथा नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रले एक-एक प्रमुख पदमा जित निकालेको थियो।

# यती एयरलाइन्सको सुर्खेत र धनगढीमा परीक्षण उडान

राजधानी संवाददाता
सुर्खेत, २४ फागुन

निजी वायु सेवा कम्पनी यति एयरलाइन्सले शनिबार सुर्खेत र धनगढी विमानस्थलमा परीक्षण उडान गरेको छ।

नेपालगन्जबाट उडेको यतीको ९ एन एएमएन एटीआर ७२ विमानले सुर्खेत र धनगढी विमानस्थलमा सफल परीक्षण उडान गरेको यती एअरलाइन्सले जनाएको छ। परीक्षण उडानमा रहेको सो विमानलाई यती एयरलाइन्सका प्रशिक्षक पाइलटद्वय समर्थरत्न तुलाधार र राजु राजवंशीले उडान भरेका थिए। परीक्षण उडानको नेपाल नागरिक उड्डयन प्राधिकरण र यतीका प्राविधिक टोलीले सुपरिवेक्षण गरेका थिए।



परीक्षण उडानको रिपोर्टअनुसार नियमित उडान गर्ने तयारी छ। यती एयरलाइन्सका प्रमुख व्यापार अधिकृत युवराजकुमार विष्टले यात्रुको मागलाई ध्यानमा राखी उडानको दायरा बढाउँदै आफ्नो बजार हिस्सा विस्तार गर्ने उद्देश्य रहेको बताए। हाल यती एयरलाइन्सले ७ वटा एटीआर ७२ विमानमार्फत नियमित रूपमा काठमाडौं, चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगन्ज विमानस्थललगायत पर्वतीय उडानहरू गर्दै आएको छ।

# पोखराको पहार फर्निचरमा आगलागी

पोखरा समाचारदाता
पोखरा, २४ फागुन

पोखराको न्युरोड दरबारमार्गस्थित उपहार फर्निचरमा आगलागी भएको छ। शनिबार बिहान भएको आगलागीका कारण करिब १ करोड रुपैयाँबराबरको क्षति भएको अनुमान छ। बिहान साढे ४ बजेको समयमा आगलागी सुरु भएको थियो। पोखरा महानगरपालिकाको दमकल, खानेपानीका ट्यांकर, प्रहरी र स्थानीयको सहयोगामा करिब ३ घण्टापछि आगलागी नियन्त्रणमा लिइएको थियो।

आगलागीबाट फर्चिनरका मुढा, काठ, प्लाइउडलगायत सामग्री जलेर नष्ट भएको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रणका लागि मालेपाटनस्थित सशस्त्र प्रहरी गण, वडा प्रहरी कार्यालय बैदामको प्रहरी टोली खटिएको थियो।

आगो के कारण लागेको हो भन्ने खुलेको छैन। विद्युत् सर्ट भएर हुन सक्ने अनुमान छ।

# खाँडाचक्र नगरपालिका ६ महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन

विश्वनाथ सिम्खाडा/राजधानी
कालिकोट, २४ फागुन

यहाँको खाँडाचक्र नगरपालिका ६ महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ। नगर प्रमुख कमलबहादुर शाहीको आफूअनुकूलको प्रमुख प्रशासकीय अधिकृत नहुँदा खाँडाचक्र नगरपालिका ६ महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको हो।

नगरपालिकाका प्रमुख कमलबहादुर शाहीको एकल निर्णयले गत १४ कात्तिकमा निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रवलजंग शाहीलाई हटाई नगरपालिकाको प्रशासन शाखामा कार्यरत अधिकृत छैटौं तहका अविराज शाहीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएपछि यो अवस्था आएको हो।

नगरपालिकामा उपसचिव तहको दरबन्दी भए तापनि उपसचिव टिकाउन सकेन। नगरपालिकाभित्र सबैभन्दा सिनियर सातौं तहका जसिप्रसाद चौलागाईंलाई केही समय हाकिम बनाए पनि विभिन्न बहाना गरेर हटाएर फेरि अधिकृत रहेका प्रबलजंग शाहीलाई हाकिम बनाएको थियो। अहिले प्रबलजंग छन् न चौलागाईं। मन्त्रालयले उपसचिव नै तोकेर पठाए पनि यहाँको किचलो र लफडाले गर्दा बीच बाटोबाटै फर्किने गरेका छन्।

मन्त्रालयले केही दिन पहिला एक जना उपसचिवलाई पठाए पनि उनी कार्यालयमै नपुगेर फिर्ता गएका छन्। फेरि त्यसलगत्तै नगरपालिकाले तिलागुफा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवकिरण बुढालाई निर्णय गरेर पठाएको थियो। मन्त्रालयदेखि बुढाको नाममा कामकाजको चिठी आए पनि विभिन्न राजनीतिक शक्तिले रोकेका छन्।

नगर प्रमुख शाहीले मन्त्रालयले कर्मचारी पठाउन नसकेको आरोप लगाएका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ११ मंसिरमा अविराज शाहीलाई जिम्मेवारीबाट हटाएपछि नगरपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको हो। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नभएपछि जनताका दैनिक कामकाजका साथै भुक्तानीसम्बन्धी कुनै पनि काम हुन सकेको छैन। कर्मचारी तलब भत्ता, बाल पोषण, वृद्धभत्ता, योजनाको भुक्तानी तथा दैनिक कार्यालयको खर्चसमेत भुक्तानी हुन सकेको छैन।

सरकारले आर्थिक वर्ष २०८१/८२ को साउनदेखि स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत नराख्ने निर्णय गरेको थियो।

स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत हुँदा भ्रष्टाचार मौलाउँदै गएको, बेरुजु बढेको, विकास निर्माणका काममा ढिलासुस्ती भएको, सेवा प्रवाह र सुशासन कमजोर बनेकोलगायतका अनियमितताका समस्या बढ्दै गएको गुनासो आउन थालेपछि सरकारले निमित्त प्रमुख प्रशासकीय अधिकृत पठाउने कार्यलाई निरुत्साहित गर्ने निर्णय गरेको हो।

खाँडाचक्र मात्र हैन जिल्लाका अधिकाँश स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत नै छन्। दरबन्दीअनुसारको कर्मचारी नहुँदा भ्रष्टाचार मौलाउँदै गएको, बेरुजु बढेको, विकास निर्माणका काममा ढिलासुस्ती भएको, सेवाप्रवाह र सुशासन कमजोर बनेको लगायतका अनियमितताका समस्या बढ्दै गएको गुनासो आउन थालेको हो।

Gandaki Province Government
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Syangja**
**Invitation for Bids**
**Date of Publication: 2081-11-25 (2025 March 09)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under Sealed Quotation and National Competitive Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Dhaduwa Thuladihi Masarka Mahariya Hudai Dulegauda Tanahun Jodne Krishi Sadak Staronnati, Putalibazar 7 | IDOSYANGJA/NCB/W/R/101/081/82 | NA | 1,000,000.00 | Double Envelope-NCB |
| 2 | Arjunchaupari Zero Km Dekhi Lamdanda Jodney Sadak, Arjunchaupari | IDOSYANGJA/SQ/W/R/70/081/82 | 1,930,988.95 | 50,000.00 | Sealed Quotation |
| 3 | Dimik Chharti Ghat Aserdi Palpa Jodne Krishi Sadak, Galyang 11 | IDOSYANGJA/NCB/W/R/86/081/82 | 2,895,004.95 | 75,000.00 | Single Envelope-NCB (Re-Bid) |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Nepal Bank Limited,
Office Code no. :- 3370143014
Rajaswa (revenue) Shirshak no. : 14229
Name of Office: - Infrastructure Development Office, Syangja
Office Account no (Rajaswa).: - 27302000001001000001
Office Account no (In case of Cash Bid Security) :- KHA 23 – 07202000002003000001

| S. No | Description of Works | Bid Validity (days) | Bid Security Validity (days) | Cost of Bidding Documents (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Double Envelope -NCB | 90 Days from the deadline of bid submission | 120 Days from the deadline of bid submission | 5000 | |
| 2 | Single Envelope - NCB | 90 Days from the deadline of bid submission | 120 Days from the deadline of bid submission | 3000 | |
| 3 | Sealed Quotation | 45 Days from the deadline of bid submission | 75 Days from the deadline of bid submission | 1000 | |

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**